# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

प.सं.–२०७९/०८०
च.नं.–

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

मिति– २०७९।०९।०१ गते

**पर्सागढी नगरपालिकाको भू-उपयोग (कृषि/ गैर कृषि क्षेत्र) वर्गीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा भू-उपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ मा भएको व्यवस्था र भूमि व्यवस्था र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त पत्र समेतको आधारमा गठित स्थानीय भू–उपयोग परिषद्को मिति २०७९/०७/२८ गतेको बैठकको निर्णयानुसार पर्सागढी नगरपालिका क्षेत्रभित्र रहेको सम्पूर्ण जग्गाहरुको भू-उपयोग (कृषि/गैर कृषि क्षेत्र) वर्गीकरण गर्नको लागि देहायका कागजातहरु संलग्न गरी तोकिएको अनुसूची फाराम भरी जग्गाधनी स्वयम वा निजको एकाघरको हकदार परिवार सदस्य अनिवार्य रुपमा उपस्थित भई यथार्थ विवरण यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराउनु हुन पर्सागढी नगरपालिका क्षेत्रभित्र जग्गा हुने सम्पुर्ण जग्गाधनीहरुलाई सूचित गरिन्छ। यो सूचनाको म्याद भित्र आफ्नो जग्गाको विवरण उपलब्ध नगराएमा सो जग्गाको वर्गीकरण स्थानीय भू–उपयोग परिषद्को बैठकबाट निर्धारण हुने व्यहोरा समेत जानकारी गराईन्छ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः–

१. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,
२. कित्ता नं. स्पष्ट भएको नापी नक्सा,
३. जग्गाधनीको नागरिकत्ता प्रमाण पत्रको प्रतिलिपी,
४. जग्गाधनीको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
५. भू–उपयोग ऐन, २०७६ को दफा ४ सँग सम्बन्धित अनुसूचि फाराम भर्नुपर्ने।

**(पुनश्चः यो सूचनामा उल्लेख भए वाहेकको विषयमा प्रचलित ऐन, नियमावली, कार्यविधी तथा नगर कार्यपालिका र स्थानीय भू–उपयोग परिषदका निर्णय बमोजिम हुनेछ।)**

.........................
छविरमण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

छविरमण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२
(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**भूउपयोग क्षेत्र परिवर्तन गर्नको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् ........

....................स्थानीय भूउपयोग परिषद् ।

**विषय: भूउपयोग क्षेत्र परिवर्तन गरी पाउँ ।**

मेरो/हाम्रो हकभोगमा ............ न.पा./गा.पा. ........ वडा नं. मा रहेको कित्ता नं. ........... को जग्गा भूउपयोग ऐन, २०७६ बमोजिम ............... क्षेत्रमा वर्गीकरण भएकोमा देहायको आधार र कारणले ................ भूउपयोग क्षेत्र परिवर्तन गर्न निम्न कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

आधार र कारण:

(१)

(२)

(३)

निवेदक:

दस्तखत:

नाम:

संस्था भए दर्ता प्रमाणपत्र नं. :

व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.:

ठेगाना :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।